Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ३७, २०८३ साल वैशाख १ गते मंगलबार (April 13, 2026) www.janaakash.com.np




# नयाँ वर्षले सबैमा खुशी ल्याओस्

■ मोहन कार्की

नेपालले मान्दै आएको बिक्रम संम्बद अनुसार वैशाखवाट अर्को वर्ष शुरु भएको मानिन्छ । त्यही दिनलाई नेपालका नेपालीहरुमा नयाँ वर्षको रुपमा मनाउने चलन चल्दै आएको छ। २०८२ लाई विदा गरेर आजवाट २०८३ लागेको छ । वैशाख १ गते आज सवै नेपालीले हौशला प्रदान गर्नेगरी कार्यक्रमहरु हुनेछन् । केही दिन अगाडी देखिनै एक आपसमा हार्दिक शूभकामना आदान प्रदान गर्ने, खुशी साटसाट गर्ने नयाँ कामको शुरुवात गरेर एक अर्काबीचमा प्रसार गर्ने कार्यक्रमहरु भइरहेका छन् । नेपाल सरकारले देशको नीति तथा कार्यक्रम, नेपाल सरकारका मातहतमा रहेका सघ, संस्थाले पनि आउदो वर्षको लागि कार्यत्रम तय गर्दा वैशाखलाई नै पहिलो पहिनावाट शुरु गर्नेगरी तयारी गरेका हुन्छन् । नेपाल शैक्षिक क्षेत्रले नयाँ वर्ष वैशाखवाट नै नयाँ शैक्षिक वर्ष आराम्भ गरेको हुन्छ। नेपालीहरुले हरेक नयाँ वर्षमा नयाँ व्यापार, व्यवसाय, कुनै शभ कार्यहरु नयाँ वर्षलाई पारेर गर्दा उत्तम साइतको रुपम लिने गर्दछन्।

## नयाँ वर्ष
## २०८३

यस वर्ष झनै नयाँ सरकार नयाँ मन्त्रीमण्डल, युवा पुस्ताको सरकार, उत्साहजनक नै छ ।

नयाँ वर्षसँगै नेपालीको काधमा थपिएको चुनौती र जिम्मेवारी

२०८२ सालमा पनि नेपालीहरुले सदभाव, धार्मिक सहिष्णुता राष्ट्रिय एकता कायम गर्दै नेपालको उन्नती र नेपालीहरुको प्रगतिको कामना गर्दै यसैगरी शूभकामन आदान प्रदान भएका थिए । समय बदलिदै गयो । परिस्थिति बदलिदो अन्तराष्ट्रिय परिस्थिति पनि बदलियो त्यसको प्रभाव नेपालमा पनि पऱ्यो २०८२ साल नेपालीहरुका लागि त्यति सुखमय रहेन । नेपाल सरकारले अन्तराष्ट्रिय कम्पनीद्धारा सञ्चालन भईरहेको सामाजिक सञ्जाल फेसबुक लगायत सामाजिक एपहरुलाई नेपाली बजारमा नेपाल सरकारको नियमसँग आवद्ध भएर मात्र सञ्चालन गर्नुपर्ने नभए नेपालमा प्रतिबन्द लगाउने निर्णय सरकारले गरेपछि जेन्जी पुस्ताले यो लगायत अन्य मागहरु राखेर २०८२ साल भदौ २३ गते शान्तिपूर्ण आन्दोलन गरिरहेको वेला आन्दोलन भड्किएर रक्तपातमा परिणत भई कयौ विद्यार्थी तथा युवाहरुको ज्यान गएपछि आक्रोशित भिडले २०८२ साल भदौ २४ गते गरेको आगजनी तोडफोडवाट देशले ठूलो मूल्य चुकाउनु परेको थियो । जस्तै वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र जहा संसदहरुको अधिवेशन हुने गरेको थियो, काठमाडौ जिल्ला अदालत, सर्वोच्च अदालत, सिहदरवार लगायत सरकारी भवनहरु, पार्टीका नेताका नीजि घरहरु आगो लगाएर आन्दोलनकारी वा आन्दोलनकारीको भेषमा केही व्याक्तिहरुले सार्वजनिक र नीजि सम्पति नष्ट गरेका थिए । त्यो विध्यसमा तत्कालीन सरकारले राजिनामा दिएर नेपाली सेनाको हेलिकप्टरमा

» बाकी ८ पृष्ठमा

## गाईडहरु विरुद्ध लगाइएको आरोप निराधार

# सगरमाथा आरोही संघ

काठमाडौं । सगरमाथा गाइडहरू विरुद्ध लगाइएका निराधार आरोपहरुको सगरमाथा आरोही संघले खण्डन गरेको छ। उसले एक विज्ञप्ति जारी गर्दै भनेको छ।

सगरमाथा क्षेत्रमा सगरमाथा पर्वतारोही गाइडहरूले जानाजानी ग्राहकहरूलाई विषाक्त पारेको आरोप लगाउँदै बिभिन्न सामाजिक सञ्जाल र केही मिडिया हु भन्नेहरुले आरोप लागएर झुटको खेती गरी नेपाल देशको नै बदनाम गराउने उदेश्यले भ्रामक समाचार बनाएको प्रति सगरमाथा आरोही संघको धोर आपत्ति रहेको भन्दै उसले कडा शव्दमा निन्दा गरेको बिज्ञप्तिमा उल्लेख छ।

आरोहीहरूको सुरक्षा र सफलता सुनिश्चित गर्न हरेक दिन आफ्नो ज्यान जोखिममा पार्ने समर्पित गाइडहरू हामी स्पष्ट रूपमा भन्न चाहन्छौं कि, केन्द्रीय अनुसन्धान ब्यूरो सिआईवीले समेत अनुसन्धान गरेर सगरमाथा गाइडहरूले यस्तो अनैतिक वा आपराधिक व्यवहारमा संलग्न भएको दाबीलाई पुष्टि गर्ने कुनै प्रमाण फेला नपरेको भनेर सार्वजनिक भईसकेको अवस्थामा । बजारमा अनेक खालका झूटा समाचारहरु आईराखेकोमा यस्ता झुटा समाचार लेखेर अफवाह


सगरमाथा आरोही संघ
Everest Summiteers Association
Reg. No.: 489/057/58
PAN: 301585077
P.O. Box No.: 21880, Tel: 4476358, Kathmandu, Nepal
E-mail: info@everestsummiteersassociation.org, Website: www.everestsummiteersassociation.org
Ref. No. 218/082/83
Date: 8th April, 2026
PRESS RELEASE

Patron: Rt. Hon. Prime Minister
President: Maya Sherpa, 9841343775
1st Vice President: Diwas Pokhrel, 9851055468
2nd Vice President: Lhakpa Rangdu Sherpa, 9841264311
General Secretary: Shiva Bahadur Sapkota, 9851140166
Secretary: Madan Kumar Chudal, 9814368939
Treasurer: Dikki Sherpa, 9849703379
Executive Member: Mingma Gyabu Sherpa, 9843253991; Sonam Sherpa, 9851045706; Yangdi Sherpa, 9843314518; Jenjen Lama, 9842164055
Advisor: (Hon. Minister, MOCTCA); Secretary, (MOCTCA); President, (FNCCI); President, (NMA); President, (TAAN); Rajendra Bantawa; Lakhpa Sonam Sherpa; Mingma Sherpa; Nirmal Purja 'Nims'

Dear Media Friends,

ESA Strong Rebuttal of Unverified Allegations Against Everest Guides

The Everest Summiteers Association(ESA) expresses its serious concern and strong objection to the recent circulation of unverified and misleading media reports alleging that Everest mountain guides in the Everest (Sagarmatha) region have been intentionally poisoning clients to facilitate fraudulent insurance claims and rescue operations.

These allegations are not only baseless but deeply damaging to the dignity & professionalism of Nepal's mountaineering community—especially the dedicated guides who risk their lives every day to ensure the safety and success of climbers.

We would like to clearly state that, as confirmed by the Central Investigation Bureau (CIB), no evidence has been found to substantiate claims that any Everest guides has engaged in such unethical or criminal behavior. ESA fully supports the official position of the CIB and the Government of Nepal in rejecting these false narratives.

Everest guides are internationally certified and highly experienced professionals, operate under extreme conditions where trust, responsibility and teamwork are essential for survival. The suggestion that these individuals would intentionally harm their clients is not only illogical but also an insult to their lifelong commitment to the mountaineering profession.

ESA appreciates the proactive steps taken by the Ministry of Culture, Tourism and Civil Aviation (MoCTCA) to address concerns related to irregularities in rescue operations. We support the Government's zero-tolerance policy against fraudulent practices and welcome initiatives aimed at strengthening transparency, accountability and regulation within the sector.

We urge national and international media, as well as social media users, to verify information through official and credible sources before publishing or sharing such serious allegations. We remain committed to promoting ethical mountaineering, supporting professional guides and safeguarding the reputation of Nepal's Mountauneering sector.

ESA firmly stands with the mountain guiding community and strongly condemns any attempt to defame them through unverified claims.

Regards,

Maya Sherpa
President
Everest Summiteers Association

फेलाउनेहरुलाई नेपाल सरकारको सम्बन्धित निकायले कारवाही गर्न अनुरोध गर्दछौ बिज्ञप्तिमा भनिएको छ।

सगरमाथा गाइडहरू अन्तर्राष्ट्रिय रूपमा

» बाकी ८ पृष्ठमा






जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



**...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# नयाँ वर्ष २०८३ ले सबैलाई न्याय गरोस् ।

नेपालीहरूको नयाँ वर्ष आजवाट शुरू भएको छ । नेपाली नागरिकहरूले बिभिन्न कालखण्डमा गरेका आन्दोलन सघर्ष, त्याग, तपस्या लगायतले अटल देश र आम नेपाली स्वतन्त्र भई बाच्न सकेको ईतिहास हामीसँग छ । यो गर्विलो ईतिहासलाई कतिपय कालखण्डहरूमा राम्रा र नराम्रा विषयहरूले प्रसय पाए । नराम्रा विषयले प्रसय पाउदा कतिपय स्वतन्त्र, इमानदार, कर्तव्यनिष्ठ नेपाली नागरिकले अन्याय सहनु परेको पनि देखिएको थियो । छ ।

२०८२ भदौमा भएको जेन्जी विद्रोहवाट नयाँ जगमा रहेर नयाँ युगको शुरूवात गर्न नेपाली जनताले निर्वाचनवाट राष्ट्रिय स्वतन्त्र पार्टीलाई झण्डै दुई तिहाईको बहुमत दिएर नेपाल देशको अटल, नेपाली नागरिकमा न्यायको सफा आखाले हेर्ने अवसर दिएका छन् ।

कुनैपनि स्वतन्त्र सर्वभौमसत्ता सम्पन्न राष्ट्र नेपालका नेपाली नागरिकलाई अन्यायमा पर्न नदिने दाईत्व वर्तमान परिवर्तनको युगवाट आएको सरकारको हो । यो सरकार स्पष्ट बहुमतवाट जनताले ५ वर्षका लागि नेपाल देशर र नेपाली जनताको भविष्य कोर्न नयाँ युगको थालनी गरेर भविष्यमा उत्कृष्ट देश सम्पन्नशाली नेपली बनाउने प्रणालीको स्थापना गर्नको लागि दिएको मार्ग हो ।

त्यो अवस्थामा देशलाई पुऱ्याउनको लागि सवैभन्दा कुनैपनि नागरिकले आफुलाई अन्याय भएको महसुस हुनुभएन । यस प्रकारको वातावरण सरकारले वनाउन सक्नुपर्छ । यो काम गरेर आम नेपाली नागरिकहरूलाई हाम्रो देशमा राम्रोको लागि सरकार छ । न्यायको लागि सरकार छ । सामान्य नागरिको लागि पनि सरकार छ । भन्ने अनुभूति गराउन सक्ने वातावरण बनाई नेपाल देशलाई अक्षुण्ण राख्ने र नेपाली जनतालाई समान ढंगवाट न्याय गर्ने अभिभावकत्वको जिम्मेवारी वहन गर्न सक्ने आटिलो, तथ्यपरक, दृढ विश्वासका साथ मानवीय हितमा केन्द्रीत भएर काम गर्दै आम नेपालीले. न्याय पाउछन् भन्ने विश्वासका साथ ढुक्क भएर लगानी गर्ने लगानी गरेर व्यवसाय गर्ने, उद्योग खोलेर उत्पादन बढाउने, कृषि आधुनिकीकरण गरेर कम्पनीस्तरमा वा सामुहिक खेती गरेर सामाजिक उन्नती र आर्थिक सम्पन्नता हासिल गर्ने गरी काम गर्न सकुन भन्दै नेपली नागरिकवाट बनेको सरकारलाई बधाई तथा सफल कार्यकालको शुभकामना साथै नेपाली नागरिकले कहिल्यै अन्यायमा पर्न नपरोस भन्ने कामना गर्दछौ ।

# बिपी राजमार्गसँग जोडिएको रोशी खोला र निकास



■ मोहन कार्की

रोशी खोलामा बाढी आई पुगेको राजमार्गका क्षतिपछि अनुगमन, अध्ययन पक्कै भयो होला तर त्यो बाढी आउनुको कारणहरू बिस्तृतमा आएको छैन । सुधार गरेर आधुनिक सडक निर्माण गरेर बनाएको सडक पुनः बाढीले नबगाउला भन्न सकिदैन । २०८१ असोज र २०८२ असोजमा आएको बाढीले पुऱ्याएको क्षतिलाई लिएर केही क्रसर उद्योगहरूको लापरवाही भनेर मिडियामा आएको वाहेक अरू कारणहरू हामीले पढन पाएका छैनौ । तर त्यस क्षेत्र वरपरका स्थानीयले भनेको हामीले सुनेको कुरालाई आधार मान्दा रोशी खोला फुलचोकी डाडाको पुर्वीभागवाट पहरा फोरेर निस्केको मुल नै हाल काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका हुदै बग्ने नदी हो ।

नेपलाको पूर्वी तराई र पूर्वअञ्जल अर्थात पूर्वका पाहाडी जिल्लाहरुको लागी राजधानीसँग छोटो दुरीमा जोडने राजमार्गको रुपमा विकास गरिएको बिपी राजमार्गले सवैलाई सजिलो बनाएको छ । तर २०८१ साल असोज १२ र १३ गते आएको रोशी खोलाको बाढीले रोशी खोला आसपास भएर बनेको बिपी राजमार्ग दाप्चा पुलनजिकैवाट रोशी खोला भेटिने चौकी डाडादेखि रोशी खोला सुनकोशीसम्म जव मिसिदैन तवसम्म अर्थात झण्डै २९ किलोमिटर बिपी राजमार्ग केही भाग दाप्चा र अधिकाँश क्षति भएको भाग रोशी खोलाले बगाएर ध्वस्त बनाएको थियो सुनकोशीले खैरेनीघाटमा बनेको पुल खुरकोटको पुल लगायत थुप्रै पुल बगाएको थियो । उक्त सडकलाई त्यही रोशी खोलाको चोकर ढुङगा गेग्रान उठाएर पहिलाकै वाटोको लेवलमा उठाई यातायात सञ्चालन गरिएको थियो । यातायात पनि सहज रुपमा सञ्चालन भईरहेका थिए । नेपाल सरकारको संघीय सडक बिभागले २०८१ साल चैत्रमा उक्त क्षतिग्रस्त सडकलाई दुईलेनमा विस्तार गर्ने गरी टेण्डर खुलाएको थियो । उक्त टेण्डरको प्रक्रिया पुरा गरेर असोज ६ गते टेण्डर सम्झौता गरेर २ ९ किलोमिटर सडकलाई चार खण्डमा बिभाजन गरेर काम गर्ने तयारी गरिरहेका थियो । जसको लागत झण्डै तीन अरब रुपैया छ । फेरी २०८२ असोज १७ र १८ गते त्यसैगरी भिषण वर्षा भएर रोशी खोलाको बाढीले सडक बगायो । केहीदिन उक्त सडक खण्ड अबरुद भयो र केहीदिनपछि पुनः सडकलाई सञ्चालन गरिएको छ । २०८१ साल आसोजमा नै क्षति पुगेको २ ९ किलोमिटर सडकलाई पुनः निर्माण तथा विस्तार गर्नेगरी क्षति पुगेको खण्ड जति सडक दुईलेनको बन्ने गरी ठेक्का सम्झौता भईसकेको छ । उक्त निर्माण छिटो सक्न सवैपक्षको ध्यान यतिवेला बिपी राजमार्गमा परेको छ । २०८२ साल भदामा भएको जेन्जी विद्रोह पछि बनेको शुशिला कार्कीको नेतृत्वमा बनेको सरकारका भौतिक, योजना तथा यातायात मन्त्री कुलमान घिसिङले पनि बिपी राजमार्गको अनुगमन गरेका थिए ।

अहिलेका २०८२ साल चैत्र १३ गते बनेको सरकारका गृहमन्त्री तथा रास्वपाका नेता सुधन गुरुङले पनि बिपी राजमार्ग छिटो बनाउन अनुगमन गरेका छन् । काम पनि धमाधम भईरहेको छ । खोलवाट कंक्रिट ढलान गरेर वाल उठाईएको देखिन्छ । बाटो फराकिलो बनाएको देखिन्छ । यसको दिर्धकालमा हुने क्षतिको आकलन भने गरिएको छैन । आउदा दिनमा क्षति हुदापनि नहोस मानिसले दुखः नपाउन ।

विकासका काम भईरहेका क्षेत्रमा राज्यको ध्यान पुगेको छैन ।

रोशी खोलामा बाढी आई पुगेको राजमार्गका क्षतिपछि अनुगमन, अध्ययन पक्कै भयो होला तर त्यो बाढी आउनुको कारणहरु बिस्तृतमा आएको छैन । सुधार गरेर आधुनिक सडक निर्माण गरेर बनाएको सडक पुनः बाढीले नबगाउला भन्न सकिदैन । २०८१ असोज र २०८२ असोजमा आएको बाढीले पुऱ्याएको क्षतिलाई लिएर केही क्रसर उद्योगहरुको लापरवाही भनेर मिडियामा आएको वाहेक अरु कारणहरु हामीले पढन पाएका छैनौ । तर त्यस क्षेत्र वरपरका स्थानीयले भनेको हामीले सुनेको कुरालाई आधार मान्दा रोशी खोला फुलचोकी डाडाको पुर्वीभागवाट पहरा फोरेर निस्केको मुल नै हाल काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका हुदै बग्ने नदी हो । यसको लम्बाई ५५.६५ किलोमिटर रहेको देखिन्छ । यो नदी सिन्धुलीमा रहेको कुसेश्वर माहदेव मन्दिर देखि अलितल खैरेनीघाट पुगेर सुनकोशीमा मिसिन्छ । रोशी खेला आसपासमा बढ्दै गएको घनावस्ती ती वस्तीहरुवाट उत्पादन हुने फोहोर, इआइए नगरी जतातत्तै खनिएका पाहाडी क्षेत्रका सडकहरु र ती कच्ची सडकहरुवाट निस्केको आलोमाटो काभ्रेको महाभारत गाउँपालिका, पनौती नगरपालिका हुदै चौकीडाडा पुग्दासम्म माथिल्ला पाहाडवाट पानी परेको वेला रोशीखोला फोहोर, आलोमाटो खोला आसपासमा खोलिएका ढुङगाखानी र क्रसर उद्योगवाट स्किेको डस्ट धुलो खोलाले सोरेर बिभिन्न ठाउमा थुनिदै ताल बन्दै ताल फुटदै फैरोको रुपमा फोहोर, आलोमाटो ढुङडा सोरेर बाढीको रुपमा चौकी डाडा आईपुग्ने र चौकी डाडा वरपर पनि त्यस्तै खालका त्रसर उद्योग, ढुङगा खानी बाटो खनिएको आलो माटो थप रोशीमा मिसिदै जाने वषौदेखि रोशी खोलाको गराईमा धुलोमाटो ढुङगा थपिदै जादा खोलाको सतहपनि माथि उठेको हुनाले पहिला बिपी राजमार्ग बनाउदा गरेको सुरक्षा स्टीमेट भन्दा माथि खोला आएको हुनाले दाया-बाया क्षति पुऱ्यादै आउने गरेको स्थानीयको भनाई छ ।

**रोकथाम गर्ने उपाय के हुन सक्छ त ?**

फुलचोकी डाडावाट झर्ने रोशीको शिर देखिनै कन्चन पानी जसरी बग्छ त्यस्तै कन्चन पानी बगेर सुनकोशीसम्म पुग्ने वातावरण बनाउन सम्बन्धित निकाय रोशी आसपासका नागरिकहरु सरोकार राख्ने सवै मिलेर यसको रोकथाम गर्न सकिने स्थानीय तथा रोशीको कन्चन पानी देखेका बृद्धाबृद्धाहरुको भनाई छ । त्यो भनेको रोशी खोला आसपासका बसोबास गर्ने नागरिकहरुले खोलामा फोहोर फाल्नु भएन । पनौतीमा मिसिने खोलाहरु जस्तै पुण्यवती, पुष्पवती र दिव्यवती देवीका रुपमा बग्ने नदीमा फोहोर जुठो भयो भने पनि देवी रिसाएर रुद्र उप्रदो हुन सक्ने किमदन्ती छ । दोस्रो सरकारले उक्त रोशी खोला आसपासका पाहाडी क्षेत्रमा खनिएका सडकहरुलाई जतिसक्दो चाडो पक्की सडक बनाएर पैरो नखस्ने बनाउनु पर्छ ।

तेस्रो रोशी खोला आसपासका ढुङगा खानी, क्रसर उद्योग सञ्चालन गर्दा मापदण्ड अपनाएर सञ्चालन गर्नुपर्छ र ढुङगा खानी र त्रसर उद्योगले उत्पादन गरेर खेर जाने धुलो (डस्ट) लाई यत्रातत्र नछोडेर कतै लगी वाल लगाएर मात्र स्टोर गर्ने र आश्यक पर्ने कम्पनीलाई सुलभ मूल्यमा दिने गरी स्टोर गरेर खोलामा पुग्न नदिने उपाय अपनाउने गर्नुपर्छ । अहिलसम्म त्यस्तो गरिएको पाएको छैन ।

**क्रसर उद्योग र टोले डनहरुको विवाद**

नेपालमा खोला, नदीहरुवाट प्राप्त हुने प्राकृतिक स्रोत जस्तै बालुवा, गिटी, ढुङगा निर्माणका लागि नभईनहुने स्रोतहरु हून् । यो सञ्चालनका लागि सरकारी मापदण्ड पुऱ्याएर उद्योगमा दर्ता गरी सञ्चालन गर्न पाइने नियम छ । व्यवसाय गर्ने व्यावसायीले मापदण्ड पुऱ्याएर कतिपय ठाउँमा मापदण्ड नपुऱ्याइ पनि काम गर्दै आएका छन् । त्यसको अलवा त्यसै आसपासमा बसोबास गर्ने टोले डन, केन्द्रमा राजनीतिक संरक्षणमा सरक्षित केन्द्रीय डनहरुले त्यस्ता त्रसर, ढुङगाखानीहरुवाट रकम असुल्ने र त्यसमा कतिपय जिल्लाका सिडियोहरु समेत अप्रत्यक्ष सहभागी हुने जस्ता समाचार वेला वेलामा आउने गरेका छन् । सेटिङ हुने विश्वसनीय आधारहरु पनि छन् । किनकी कुनैकुनै जिल्लामा सिडियो सरुवा भएको यस्ता क्रसर उद्योग, बालुवा खानी, ढुङगा खानीको अनुगमन गर्ने नियन्त्रण गर्ने गरेका देखिन्छन् । पछि बस्दै गएपछि फेरी सहज हुदै जान्छन् । यस्ता तिकडमबाजी मात्रै सावधान होईनन् । विकासका लागि ढुङगा, गिटी, वालुवा नभई निर्माणका कामहरु हुन सक्दैनन् । हाम्रो प्राकृतिक स्रोतहरु परिचालन गरेर देशको विकास गर्न सकिने सस्तो छिटो आधारहरु तय गर्न सक्नुपर्छ । खानी खन्न, बालुवा झिक्न, मापदण्ड पुरा गरेर निकाल्नेलाई निर्वाध दिनैपर्छ । त्यस्ता ठाउँमा गुण्डागर्दी गर्ने जोकोही भएपनि नियन्त्रणमा लिएर कानूनी कारवाही गर्न पछि हट्नु हुदैन ।

सरकार परिवर्तन हुने वित्तिक्कै आ-आफ्ना स्वर्थ बोकेर निर्माण क्षेत्रसँग सम्बन्धित व्यवसायीहरु नै यस्ता गलत खेलमा लागेको देखिदै आएको छ । त्यसकारण नेपालको बिपी राजमार्ग नव निर्माणको चरणमा छ । यसको सरक्षण सदुपयोग गर्न सवैभन्दा पहिला सरकारले आफ्नो मातहतमा रहेका स्थानीय सरकारलाई रोशी खोलामा फोहोर गर्न नदिन, क्रसर उद्योग, ढुङगा खानी मापदण्ड पुऱ्याएर सञ्चालन गर्न र गुण्डागर्दीको आवरणमा हुने व्यवसायी माथिको धाकधम्की, अवरोध गर्न नदिई सहज ढंगवाट रोशी खोला आसपासका क्षेत्रमा प्राकृतिक सरक्षणको लागि चेतना जगाएर काम गरी सधैको लागि निकास दिन सकिने काम गर्न सक्नुपर्छ ।

# विवादित बन्यो राष्ट्रिय अपांग महासंघको महाधिवेशन



बुटवल- राष्ट्रिय अपांग महासंघ नेपालको १०औं राष्ट्रिय महाधिवेशन विवादित बनेको छ । महासंघका वरिष्ठ उपाध्यक्ष रामबहादुर कार्की र महासचिव सुगम भट्टराई सहितको पक्षले विधान विपरीत र अदालतको निर्देशन अवज्ञा गर्दै जबरजस्ती चुनाव गराइएको भन्दै निर्वाचन बहिष्कार गरेका छन् ।

असन्तुष्ट पक्षले महासंघको विधान विपरीत वितरण गरिएका सदस्य संस्थाहरूको छानबिन माग गरेकामा सोको सुनुवाइ नगरी गरिएको सदस्यता वितरण र सोको आधारमा आएका प्रतिनिधिहरूको संलग्नतामा गरिएको महाधिवेशन विधान विपरीत भएको दाबी गरेको छ ।

उच्च अदालत पाटनले महाधिवेशनको विवाद सम्बन्धमा परेको निवेदनमा चैत २६ गते गरेको आदेश अनुसार २०८३ वैशाख ३ गते दुवै पक्षलाई छलफलमा बोलाइएको सन्दर्भमा सो भन्दा अगाडि अदालतको मानहानी हुनेगरी महाधिवेशन र निर्वाचन गराइएकाले गैरकानूनी भएको वरिष्ठ उपाध्यक्ष रामबहादुर कार्कीको भनाइ छ ।

महाधिवेशन प्रतिनिधिमाथि प्रहरी दमन गरेर गैरकानूनी रुपमा गरिएको निर्वाचनविरुद्ध कानूनी उपचार खोज्ने वरिष्ठ उपाध्यक्ष कार्कीले बताए ।

महाधिवेशन प्रतिनिधि किर्ते र जालसाजी गरेको भन्दै असन्तुष्ट पक्षले विरोध गरेपछि दुई पक्षबीच केहीबेर कुटाकुट भएको र केही प्रतिनिधिलाई प्रहरीले पक्राउ समेत गरेको केन्द्रीय सदस्य सावित्रा घिमिरेले बताइन् ।

महासंघमा आर्थिक अनियमितता, असमावेशिता र नेतृत्वको निरंकुशताविरुद्ध दुई वर्षदेखि नै छानबिनको आवाज उठ्दै आएको भएपनि नेतृत्वले सुनुवाइ नगरेको घिमिरेले बताइन् ।

निर्वाचन गराउन गठित वरिष्ठ अधिवक्ता शालिकराम बन्जाडे संयोजकत्वको निर्वाचन समितिले महासंघमा देखिएको विवाद र पाटन उच्च अदालतको निर्देशनलाई मध्यनजर गरी निर्वाचन गराउन उचित नहुने ठहर गर्दै राजीनामा दिएको थियो ।

तर महासंघका अध्यक्ष देविदत्त आचार्य पक्षले विवादका बीच रातारात अधिवक्ता जोखबहादुर खत्रीको संयोजकत्वमा अर्को निर्वाचन समिति बनाई वहुमत प्रतिनिधिको वहिष्कारबीच निर्वाचन गराउनु गैरकानूनी भएको महासचिव सुगम भट्टराई बताए । महासंघका अध्यक्ष आचार्यले भने बहुमतले पारित गरेर महाधिवेशन र निर्वाचन गरेको दाबी गरे ।

# ‘उज्यालो धनगढी’ अभियान

## ९ स्थानमा स्मार्ट स्ट्रीट लाइट



धनगढी- धनगढी उपमहानगरपालिकाले ‘उज्यालो धनगढी’ कार्यक्रमअन्तर्गत विभिन्न वडामा जडान गरिएका स्मार्ट स्ट्रीट लाइटको उद्घाटन गरेको छ । आइतबार उपमहानगरपालिकाका नौ स्थानमा एकैपटक स्मार्ट स्ट्रीट लाइट उद्घाटन गरिएको हो ।

उपमहानगरपालिकाको नीति तथा कार्यक्रमअनुसार ‘एक वडा, एक आर्थिक केन्द्र (बजार क्षेत्र)’ निर्माण गर्ने उद्देश्यसहित ‘उज्यालो धनगढी’ अभियानको आठौं चरण अन्तर्गत विभिन्न वडामा बत्ती जडान गरिएको हो ।

विभिन्न वडाका स्थानमा वडा अध्यक्षसहित जनप्रतिनिधिहरूले एकैसाथ सडक बत्ती उद्घाटन गरेका हुन् । कार्यक्रमअनुसार वडा नम्बर १ को नोभा अस्पताल अगाडि र सेतोपुल नजिक स्मार्ट स्ट्रीट लाइट उद्घाटन गरिएको छ । कैलाली पुलदेखि क्याम्पस रोडसम्म जडान गरिएको सडक बत्तीको उद्घाटन वडा अध्यक्ष सन्तोष मुडभरी र वडा सदस्यहरूले गरेका हुन् ।

उक्त अवसरमा नगर प्रमुख गोपाल हमाल, उपप्रमुख कन्दकलाकुमारी राना, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको उपस्थिति रहेको थियो ।

वडानम्बर ३ को फाप्ला जाने सडकमा जडान गरिएको बत्तीको उद्घाटन विवेक दाना मिल अगाडि वडा अध्यक्ष राजबहादुर ऐर ले गरेका छन् ।कार्यक्रममा वडा सदस्य र स्थानीयवासीको सहभागिता रहेको थियो ।

त्यस्तै वडानम्बर ७ मा बेली हनुमान मन्दिरदेखि सेतोपुलसम्मको सडक खण्डमा जडान गरिएको बत्तीको उद्घाटन जुगेडा जाने सडक नजिक तथा मनेहरा पुरानो वडा कार्यालय नजिक वडा अध्यक्ष मोती रानाले गरेका छन् । वडानम्बर ८ मा अनामनगर हुलाकी सडकमा जडान गरिएको बत्तीको उद्घाटन मनेहरा गाउँ जाने चोक नजिक वडा अध्यक्ष जुगराम चौधरी ले गरेका छन् । उक्त अवसरमा सर्वसाधारण वडावासीको उपस्थिति रहेको थियो ।

यस्तै वडानम्बर ११ मा बेला चोकदेखि थापाचोकसम्म जडान गरिएको सडक बत्तीको उद्घाटन बेलास्थित उपाध्याय मिल नजिक वडा अध्यक्ष रूप बहादुर कुँवरले गरेका छन् ।

यसैगरी वडा नम्बर १२ मा जुगेडा ‘ए’ गाउँमा जडान गरिएको बत्तीको उद्घाटन सेन्टर प्लट नजिक वडा अध्यक्ष शेर बहादुर महरा ले गरेका छन् । त्यसैगरी वडा नम्बर १७ को घुर्जन्ना क्षेत्रमा जडान गरिएको बत्तीको उद्घाटन वडा कार्यालय अगाडि वडा अध्यक्ष माधव रानाले गरेका हुन् । उक्त अवसरमा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

धनगढी उपमहानगरपालिकाले सञ्चालन गरेको ‘उज्यालो धनगढी’ कार्यक्रमको यो आठौं चरण हो । यस कार्यक्रमले नगर क्षेत्रलाई सुरक्षित, व्यवस्थित र थप उज्यालो बनाउने विश्वास लिइएको छ । साथै, स्थानीय बजार क्षेत्रको विकास र आर्थिक गतिविधि विस्तारमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# विमुन्सको ‘सकस’ र ‘नसुनिने आवाज’ कृति सार्वजनिक

काठमाडौं- नेपाली काव्य क्षेत्रमा दुई दशकदेखि सक्रिय रहँदै आएकी कवयित्री विमुन्स पौडेलका दुई काव्य कृति विमोचन गरिएका छन् । ‘सकस’ र ‘नसुनिने आवाज’ नामक कृति शनिबार आयोजित कार्यक्रममा सार्वजनिक गरिएको हो ।

गहनापोखरीस्थित राधाकृष्ण देवस्थान टङ्गाल मन्दिर प्राङ्गणमा सम्पन्न कार्यक्रममा वरिष्ठ साहित्यकार तथा भाषाविद् मुकुन्दशरण उपाध्यायले दुवै कृतिको संयुक्त रूपमा लोकार्पण गरेका थिए । कविता, गजल तथा छन्द लेखनमा सक्रिय पौडेलले नेपाली साहित्यमा आफ्नो पृथक् पहिचान निर्माण गर्दै आएकी छन् । उनका रचनामा छन्दको सौन्दर्यसँगै सामाजिक संवेदनशीलता र मानवीय अनुभूतिको गहिरो अभिव्यक्ति पाइन्छ ।

लोकार्पणपछि कृतिहरूबाट चयनित अंशहरूको वाचन गरिएको थियो । कार्यक्रममा नेपली लेखक संघका केन्द्रिय कोषाध्यक्ष विसुकुमार केसी, पत्रकार बैकुण्ठ भण्डारी र लक्ष्मीप्रसाद पराजुलीले शुभकामना मन्तव्य राखेका थिए । विमोचित कृतिहरूमाथि प्राध्यापक पुरुषोत्तम दाहाल, डा. रत्नमणि नेपाल र भुवन सोहोराले समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका थिए ।

विमोचित कृतिहरूमध्ये ‘सकस’ मा व्यक्तिगत तथा सामाजिक जीवनका जटिल यथार्थहरूलाई छन्दबद्ध ढङ्गले प्रस्तुत गरिएको छ भने ‘नसुनिने आवाज’ मा ध्वनि भएपनि कानहरू ले सुन्न छाडिएका हुन सक्ने स्वरहरूलाई कवितामार्फत ध्वनि बढाउन प्रयास गरिएको छ ।

कार्यक्रममा देशका विभिन्न क्षेत्रका साहित्यकार, समालोचक, कवि तथा छन्दप्रेमीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

छन्द कविता आफैं मा शास्त्रीय विधान मा बग्ने हुँदा धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको मन्दिर परिसरमा वैदिक श्लोकहरू गुञ्जायमान गराउँदै सुरु भएको कार्यक्रममा गुरूकुलका कलाकार अध्याय भण्डारीको तबलावादन पनि समेटिएको थियो ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिकाको वित्तिय प्रगति ४२ प्रतिशत



रामेछाप- रामेछापको रामेछाप नगरपालिकाको चालू आव २०८२/८३ को दोश्रो चौमसिक अवधिसम्म जम्मा बजेटको ४२.५६ प्रतिशत बजेट खर्च भएको छ । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईंले सार्वजनिक सुनुवाई कार्यक्रममा हालसम्म भएको काम र बजेट खर्चको अवस्था बारेमा जानकारी गराउनुभयो ।

उहाँका अनुसार चालू तर्फ २८ करोड ३९ लाख ८५ हजार १ सय ७४ अर्थात ५४.९४ प्रतिशत र पूँजीगत तर्फ ७ करोड ८२ लाख ५९ हजार ७ सय ६० अर्थात २३.४२ प्रतिशत बजेट खर्च भएको हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानियहरुले शिक्षा,स्वास्थ्य,कृषि,खानेपानी, विपद व्यवस्थापन लगायतमा रहेर प्रश्न गरेका थिए । वडा नं ८ को भंगेरी माविमा भएको एकिकृत घुम्ती शिविर सहितको सार्वजनिक सुनुवाई कार्यक्रममा स्वास्थ्य,पशु,कृषि लगायतका सेवाहरु प्रवाह गरिएको हो । नागरीकहरुले सोधेको प्रश्नको जवाफ नगरपालिकाका प्रमुख लबश्री न्यौपाने,प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाई र सम्बन्धित वडाका वडाअध्यक्षले दिएका थिए ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपाने,उपप्रमुख बाल कुमारी कार्की,नगर प्रवक्ता समिर कार्की, वडाअध्यक्षहरु, नगरका कर्मचारी, पत्रकार, नागरीक लगायतको उपस्थिती रहेको थियो ।

# रामेछाप उद्योग वाणिज्य संघको अध्यक्षमा प्रकाश कुमार श्रेष्ठ विजयी

रामेछाप । रामेछाप उद्योग वाणिज्य संघको अध्यक्षमा प्रकाश कुमार श्रेष्ठ विजयी भएका छन् । उनले निवर्तमान कार्यसमितिको महासचिव एवं अध्यक्षका प्रत्याशी कुमार श्रेष्ठलाई पराजित गरेका हुन् । ५२९ मतान्तरसहित पराजित गरेका हुन् । कुल खसेको मतको प्रकाश कुमार श्रेष्ठले ९३२ मत प्राप्त गर्दा प्रतिस्पर्धि कुमारले ४०३ मत पाएका छन् । निर्वाचन समितिले केही बेरमा औपचारिक घोषणा गर्ने तयारी थालेको छ ।

शुक्रवार जिल्ला समन्वय समितिको प्राङ्गणमा भएको मतदानमा ३९६ महिला सहित कूल १३ सय ६२ मत खसेको थियो । १ पदको लागि भएको निर्वाचनमा संयुक्त व्यवसायीको टिमको तर्फबाट प्रकाश कुमार श्रेष्ठ र स्वतन्त्र व्यवसायीको मात्रै भन्दा मत मागेका कुमार श्रेष्ठबिच प्रतिस्पर्धा भएको थियो ।

तुलसा आल्मुनियम एण्ड युपिभिसि फेब्रिकेसन
सितापाइला, काठमाडौं
यहाँ आल्मुनियम सम्बन्धिका सम्पुर्ण सामाग्री चाहिएमा वा
सो सम्बन्धि काम गर्नुपरेमा हामिलाई सम्झनुहोस् ।

प्रोपाइटर श्याम शाहशङ्खर, सम्पर्क नं. ९८०११३६००५

हार्दिक शुभकामना
नव वर्ष २०८३ को पावन
अवसरमा सम्पूर्ण देश–विदेशमा रहनु भएका
नेपाली दाजुभाई, दिदी बहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
हरी पाण्डे
अध्यक्ष
हिमाल उर्जा कम्पनी लिमिटेड, रामेछाप

# कर्णालीको विकासमा बल कहिले पुग्छ

लेख



विनोद नेपाली

*राज्यका विभिन्न अध्ययनमा कर्णालीमा प्राकृतिक स्रोत पर्याप्त भएको देखिन्छ । अध्ययनमा देखिएको प्राकृतिक स्रोत उपयोगको चर्चामै छैन। कर्णालीका अधिकांश नदी र खोला कसैका नाममा झोलाभित्र बन्धक छन् । २२ हजार मेगावाट भन्दा बढी विद्युत् उत्पादन हुने कर्णालीमा नदी जलप्रवाह क्षेत्रबाट मुस्किलले २० मेगावाट विजुली निस्केको छ । दर्ता भएका १०१ वटा खानीमध्ये कर्णालीमा ८ वटा पर्छन्, तर पूर्णरूपमा सञ्चालनमा छैनन् ।*

कर्णाली विशाल खस सामाज्यको क्षेत्र हो । भाषा संस्कृति र सभ्यताको जननी इतिहासको कुनै बेला सिँजा र दुल्लुलाई मुकाम बनाएर अगाडि बढेको त्यो खस साम्राज्य यात्रा शाहकाल, राणाकाल, प्रजातन्त्र, पञ्चायत, बहुदल हुँदै गणतन्त्र नेपालसम्म आइपुग्दा राजनीतिक र प्रशासनिक विभाजन भित्र कहिले टुक्रियो, कहिले खुम्चियो राज्यको दृष्टिकोण बाट टाडा राखिएको कर्णाली, भूगोलले हाल देशको १९ प्रतिशतभन्दा बढी भूभाग ओगटेको छ । यति ठुलो भूगोलमा शक्ति र सामर्थ्यको अभ्यास गर्ने ७९ वटामात्रै स्थानीय तह छन् यो कुल पालिका संख्याको जम्मा १०.४९ प्रतिशत हिस्सामात्र हो । यसरी ठुलो भूभागभित्र थोरै शासकीय सामर्थ्यको हस्तान्तरण भएको छ । यो शक्ति र प्रतिनिधित्वको पहुँच निर्वाचन क्षेत्र विभाजन सम्मपुग्दा करिब ७ प्रतिशतमा खुम्चिएको छ। यसले देशको ठुलो भूगोलमाथि सानो पहुँच कायम गरिदिएको छ ।

भूगोलको आवश्यकता र जनताको मागहरूको प्रतिनिधित्व गर्ने सांसदहरूको सङ्ख्या जति धेरै भयो, त्यति धेरै तरिकाले राज्यस्रोत माथि पहुँचको सम्भावना हुन्छ। राज्यको ठुलो भूगोल र भौगोलिक विशिष्टता बोकेको कर्णाली नेपालको संसदीय अभ्यासमा समेत उपेक्षाको सिकार भईहरेको छ। २०८२ सालको प्रतिनि सभा सदस्य चुनावसम्म आइपुग्दा नेपालमा ५ हजार ६२ सांसद भए। तीमध्ये कर्णालीबाट जम्मा ३४० जनामात्र सांसद बने । यसमा पनि समानुपातिक प्रणालीबाट हालसम्म गरेर जम्मा ६६ जना र मनोनीतमा १६ जना परे । यसले संसदीय यात्रामा समेत कर्णालीको प्रतिनिधित्व बनेको छ ।

यसरी सानो सङ्ख्यामा प्रतिनिधित्व हुनुले संसदीय समीकरणमा यसको खासै प्रभाव पर्दैन । संघीय संसदमा कर्णालीको,अर्थपूर्ण सहभागिताभन्दा औपचारिक निरिहतामा गुज्रेको छ । नेपाली समाजमा , भनिन्छ, राजनीति गर्नेको अन्तिम उद्देश्य सत्ता प्राप्त गर्नं हो । राज्यस्रोतको अधिकतम लाभ लिन पनि सत्ताको पहुँच अनिवार्य हुनुपर्छ । कुनै वेला विशाल साम्राज्यको आधिपत्य बनेको, शासनसत्ता र सामर्थ्यको उच्चतम अभ्यासमा रमाएको अनि भाषिक, सांस्कृतिक र आर्थिक नेतृत्व गरेको कर्णाली शाहकाल र राणाकालमा गुमनाम रह्न्यो । २००७ सालको परिवर्तनपछि पुरानो विरासत कायम गर्न लम्किनुपर्ने कर्णाली ब्युँझियोमात्र । गठन भएको बालेन्द्र शाह नेतृत्वको सरकारसम्म आइपुग्दा देशभर गरेर १३०१ जना व्यक्ति मन्त्री बन्दैगर्दा कर्णालीबाट सरकारमा सहभागी सीता वादीसम्म आइपुग्दा जम्मा ४१ जनामात्र मन्त्री बने । यसरी विशाल सिंहासनदेखि विछट्टिएको वर्तमान बन्न पुगेको छ कर्णालीको सिंहदरबार आफ्ना विवाद र समस्याको समधान गर्न धार्मिक र मौलिक अभ्यास गर्ने कर्णाली भने अहिलेको स्थापित र औपचारिक न्याय प्रणालीको पहुँचबाट निकै पछाडि छ । हालका मितिसम्म कर्णालीको कोही पनि सर्वोच्च अदालतको न्यायाधीश बनेको छैन। अहिले देशभर ३७४ जना न्यायाधीश कार्यरत हुँदैगर्दा तीमध्ये कर्णालीका जम्मा १६ जना हुनुहुन्छ । न्यायक्षेत्रमा देखिएको यस प्रकारको न्यून सहभागिताले न्यायभन्दा नुनको खोजीमा अल्झेको देखिन्छ ।

**कर्णाली सरकारी संरचनामा कर्णाली**

सुलभ र गुणस्तरीय सेवा कर्णालीका नागरिकको पनि चाहना हो । सार्वजनिक सेवा र विकासका काम गर्न संघीय सरकारका २२ वटा मन्त्रालय र तिनका निकाय, प्रदेश सरकार र त्यो अन्तर्गतका संरचना तथा स्थानीय तहका गरी १२ हजार २२८ कार्यालयमार्फत काम भइरहेको सन्दर्भमा कर्णालीमा यसको ३ प्रतिशत पनि संरचना छैनन्,मध्यपश्चिम विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान हुँदा शिक्षा र स्वास्थ्य क्षेत्रमा आत्मबल उँचो पारेको कर्णाली कर्णालीबासीले ती अन्य ३०१ वटा संरचनाबाट समान लाभ लिन पाएको भए कस्तो हुन्थ्यो होला !

कर्णालीमा योग्य जनशक्ति नभएर होइन, कर्णालीलाई उपेक्षा गरेर हो । योग्य व्यक्तिको कुरा गर्ने हो भने अहिले पनि १०४ जना विद्यावारिधि गरेको जनशक्ति कर्णालीमा तयार छ । बाँकी उच्चस्तरको अध्ययन गरेको हरेक विधाको जनशक्ति उपलब्ध गराउने सामर्थ्य कर्णालीले राख्छ । तर देश र सत्ताको बागडोर समालेकाहरू यो वास्तविकता न बुझ्छन्, न आफैं सोच्छन्, केवल भाषण र नारामा मात्र कर्णालीलाई सीमित पार्छन् । बाकी बजेटलाई हेरौ ।

**देशको बजेटमा कर्णाली**

कर्णालीलाई बजेटमा त अझ धेरै बेवास्ता गरिएको छ । यो वर्ष संघ, प्रदेश, स्थानीय तह, संगठित संस्था र गैरसरकारी संस्थाको बजेट समेतलाई हेर्दा कुल बजेटको ४ प्रतिशत पनि कर्णालीका लागि विनियोजन भएको छैन । यो बजेटले कर्णालीको जनसङ्ख्याको अनुपात अथवा ५.७९ प्रतिशतलाई पनि समेट्न सकेन । भूगोलको अनुपातको कुरा एकादेशको कथा जस्तै भन्दा फरक पर्दैन बजेट अभावका कारण भौतिक पूर्वाधार अत्यन्त कमजोर अवस्थामा छन् र विकास आयोजनाहरूको प्रगति न्यून छ, तर २७ वटा राष्ट्रिय गौरवका आयोजनाका नाममा करिब २७ खर्ब बजेटको लागत तयार गर्दैगर्दा यसमा कर्णालीको हिस्सा जम्मा ४१ अर्ब रुपैयाँ छ देशको सामाजिक, आर्थिक सूचकलाई बलियो पार्ने उद्देश्यले विभिन्न मन्त्रालय र केन्द्रीय निकायबाट अहिले २५६ वटा राष्ट्रिय कार्यक्रम कार्यान्वयन भइरहेका छन्, तर तीमध्ये कर्णालीमा कार्यक्षेत्र भएका १६ वटामात्र कार्यक्रम छन् । यसले ७५ वर्षदेखिको बजेट विभेदलाई अबका वर्षहरूमा पनि कायम राख्ने निश्चित देखिन्छ ।

कर्णालीलाई, देशभर ८० वटा राष्ट्रिय राजमार्ग हुँदैगर्दा कर्णालीभित्र जम्मा १० वटामात्र छन् । बालेन सरकारको नेतृत्वको सरकारले कर्णालीको सडक पूर्वाधारमा जोड दिए पनि भवन पूर्वाधार, खेल पूर्वाधार लगायत अन्य पूर्वाधारको अवस्था के हुने हो अन्योलग्रस्त देखिन्छ । अथाह प्राकृतिक स्रोत भएर पनि सदुपयोग हुन नसकेको कर्णालीले प्राकृतिक स्रोतको रोयल्टीको हिस्सेदार कहिले बन्ला जब कार्यान्वयन हुन खोज्छ, तब अर्कोनीति प्राकृतिक स्रोतको उपयोगमा कर्णाली

राज्यका विभिन्न अध्ययनमा कर्णालीमा प्राकृतिक स्रोत पर्याप्त भएको देखिन्छ । अध्ययनमा देखिएको प्राकृतिक स्रोत उपयोगको चर्चामै छैन । कर्णालीका अधिकांश नदी र खोला कसैका नाममा झोलाभित्र बन्धक छन् । २२ हजार मेगावाट भन्दा बढी विद्युत् उत्पादन हुने कर्णालीमा नदी जलप्रवाह क्षेत्रबाट मुस्किलले २० मेगावाट विजुली निस्केको छ। दर्ता भएका १०१ वटा खानीमध्ये कर्णालीमा ८ वटा पर्छन्, तर पूर्णरूपमा सञ्चालनमा छैनन् ।

आरोहणका लागि खुला गरिएका ४७६ वटा हिमालमध्ये ८६ वटा कर्णालीका छन् तर व्यवस्थित पर्यटकीय नक्सा र मार्गनिर्देशन अभावमा खासै अरोही जाँदैनन् । नेपालको सबैभन्दा धेरै चरन क्षेत्र कर्णालीमै छ, तर पाटनक्षेत्र र चरनक्षेत्रको उपयोग हुन सकेको छैन । गुणस्तरीय जडीबुटी प्रयाप्त छ । यसको वैज्ञानिक खोज, उपयोग र संरक्षण योजना नहुँदा कति जडीबुटीको कतै दोहन भएको छ, कतै खेर गएका छन् । कर्णालीसँग पर्याप्त प्राकृतिक स्रोत छ तर राज्यले प्रयोग गर्दैन । प्रयोग गर्ने वातावरण बनाउँदैन, तर भने कर्णाली छुट्छ र छुटाइन्छ । बाकी कहिले बन्छ कर्णाली, हेरौ बालेन सरकारमा बाकी कर्णाली बन्ने मोडल कसरी अघी बढ्छ ।

*लेखक जनआकाश मिडियामा संवाददाता हुन् ।*

**हार्दिक शुभकामना**

रामेछाप नगरपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरु साथै राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत संगठनका साथीहरु देश विदेशमा रहनु भएका समस्त नेपालीहरुमा नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्याक्त गर्दछु ।



दुर्गा बहादुर बस्नेत
सभापति
रामेछाप नगरपालिका रास्वपा, रामेछाप

**हार्दिक शुभकामना**

दोरम्बा गाउँपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरु साथै राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत संगठनका साथीहरु देश विदेशमा रहनु भएका समस्त नेपालीहरुमा नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्याक्त गर्दछु ।



भेषराज नगरकोटी (आशिस)
सभापति
दोरम्बा सैलुङ गाउँपालिका रास्वपा, रामेछाप

**हार्दिक शुभकामना**

गोकुलगंगा गाउँपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरु साथै राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत संगठनका साथीहरु देश विदेशमा रहनु भएका समस्त नेपालीहरुमा नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्याक्त गर्दछु ।



राजकुमार घिमिरे
सभापति
गोकुलगंगा गाउँपालिका रास्वपा, रामेछाप

**हार्दिक शुभकामना**

तामाकोसी गाउँपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरु साथै राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत संगठनका साथीहरु देश विदेशमा रहनु भएका समस्त नेपालीहरुमा नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्याक्त गर्दछु ।



राज कुमार थापा
सभापति
लिखुतामाकोसी गाउँपालिका रास्वपा, रामेछाप

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# यातायात विशेष

## बैसाख २७, २८ र २९ गते महासंघको ७ औं महाधिवेशन हुदै



काठमाडौं- मिति २०८२ चैत्र १२३ र १३ गते नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघको अध्यक्ष बिजयबहादुर स्वाँरको अध्यक्षयतामा बसेको केन्द्रिय कार्यसम्पादन बैठकले नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघको ७ औ महाधिवेशन २०८३ साल बैखाख २७, २८ र २ ९ गर्ने निर्णय गरेको छ ।

महासंघको महाअधिवेशन सम्पन्न गर्न बिभन्न उपसमिति हरु गठन गर्ने । महासंघका सदस्य संस्था संघ,समिति, प्रा.ली हरुले तोकियको लेवि प्रतिनधि शुल्क परिवेक्षक शुल्क र दुई प्रति फोटो २०८३ बैसाख १५ गते भित्र कार्यालय समयमा महासंघमा अनिवार्य उपलब्द्ध गराई सक्नु पर्ने ।

महासंघका सातै प्रदेश प्रमुख ज्युहरुले आ(आफ्नो प्रदेश भित्र रहेका सदस्य संघ,समिति,प्रा.लि हरुका अध्यक्ष एवं संचालक हरुलाई तोकिएको लेवि प्रतिनिधि शुल्क,परिवेक्षक शुल्क र २प्रति फोटो २०८३ बैसाख १५ गते भित्र अनिवार्य बुझाउँनु पर्ने र नबुझाएमा महाअधिवेशामा भाग लिन नपाउँने जानकारि पत्र मार्फत गराउँनु पर्ने ।

महासंघको सातौं महाअधिवेशन उद्वघाटनका लागि प्रमुख अतिथि र स्थान महासंघका अध्यक्ष ज्यु बाट उचित परामर्श गरि तोकिने । नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघका पुर्व अध्यक्ष एवं बरिष्ठ सल्लाहकार हिरा उदाशको निधन भएको प्रति शोक प्रस्ताव पारित गर्दै बैठक सकिएको जानकारी महासचिव डेकनाथ गौतमले जानकरी दिएका हुन् ।

## ट्रक यातायात र निजामती अस्पताल बीच सम्झौता



नेपाल ट्रक यातायात व्यवसायी महासंघ निजामती कर्माचारी अस्पताल प्रशासन संग सवारी दुर्घटनापछि हुने बिरामीहरूको उपचारलाई प्रभावकारी बनाउने उद्देश्यसहित उपचार सम्बन्धी सम्झौता भएको छ ।

अस्पताल र नेपाल ट्रक यातायात व्यवसायी महासंघ बीच भएको सम्झौता अनुसार सवारी दुर्घटनामा परी घाइते भएका व्यक्तिहरूलाई प्रारम्भिक २४ घण्टा इमर्जेन्सी सेवा उपलब्ध गराइनेछ । अस्पतालले बिरामीको अवस्था अनुसार सघन उपचार कक्ष (आईसीयू) वा जनरल वार्डमा राखी उपचार गर्ने व्यवस्था मिलाउने उल्लेख छ । दुर्घटनामा परेका बिरामीको सम्पूर्ण उपचार खर्च दोस्रो पक्ष अर्थात् नेपाल ट्रक यातायात व्यवसायी महासंघले व्यहोर्नेछ

साथै सम्झौतामा उपचार प्रक्रियालाई सहज बनाउन अस्पतालले लोकल व्यक्ति तोक्ने र आवश्यक परे कम खर्चमा उपचार सेवा उपलब्ध गराउन समन्वय गर्ने व्यवस्था गरिएको छ । साथै, सम्भव भएसम्म एम्बुलेन्स सेवा पनि उपलब्ध गराइने उल्लेख छ ।

उपचारका क्रममा बिरामीको मृत्यु भएमा अस्पतालले तत्काल जानकारी गराउने र त्यसपछि खर्च विवरण मिलान गरी शव बुझ्ने प्रक्रिया सम्बन्धित पक्षले पूरा गर्नुपर्ने उल्लेख छ । बिमा सुविधाअन्तर्गत रकम भुक्तानीका लागि अस्पतालले आवश्यक कागजात उपलब्ध गराउने र बीमा प्रक्रियामा सहजीकरण गर्ने सहमति पनि भएको छ ।

सम्झौता २०८३ साल वैशाख १ गतेदेखि एक वर्षका लागि लागू हुने र आपसी सहमतिमा म्याद थप गर्न सकिने उल्लेख छ ।

सम्झौत गर्ने पक्षहरु

नेपाल ट्रक यातायात ब्यवसायी महासंघ

अध्यक्ष राजेन्द्र विक्रम वानिया

निजामति कर्माचारी अस्पतालको तर्फाबाट मेडिकल डिभिजन विभाग

प्रमुख डा दिपक पौलेलले उक्त सम्झौता पत्रमा हस्तक्षर गरेका छन् ।

## यातायात महासंघद्धारा संसद सापकोटालाई बधाई



काठमाडौं- मिती २०८२ चैत्र १ गते नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघका कर्णाली प्रदेश संयोजक, काँक्रेबिहार यातायात प्रा.लीका अध्यक्ष रमेश कुमार सापकोटा फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा निर्वाचनमा सुर्खेत क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवार भई प्रतिनधि सभा सदस्यमा बिजय भएकोमा नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघ साथै यातायात ब्यावसायी क्षेत्रबाट राज्यको महत्वपुर्ण कानून निर्माण गर्ने ठाउँ संसदमा निर्वाचिन भएकोमा हार्दिक बधाई तथा शूभकामना कार्यक्रम सहित यातायातका समस्याहरुलाई संसदको बैठकहरुमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षासहित संसद सापकोटालाई आग्रह गरिएको थियो । संसद सापकोटाले आफुले सक्दो प्रयास गर्ने बताएकाएका थिए । उक्त कार्यक्रममा कार्यवाहक अध्यक्ष पुण्य प्रसाद सिटौला लगायत पदाधिकारीहरु रहेका थिए ।

## यातायात व्यवसायीद्धारा सर्वोच्च निर्णय कार्यान्वयन गर्न आग्राह




काठमाडौं- मिती २०८२ चैत्र ३ गते गृह मन्त्रीलाई यातायात व्यवसायीहरुले यातयात क्षेत्र संग सम्वन्धी विषयलाई लिएर भेटघाट गरेका छन् । भेटघाटको अवसरमा यातायात व्यावसायीका समितिको चल अचल सम्पति समितिलाई नै फिर्ता गर्ने सर्वोच्च अदालतले गरेको निर्णय कार्यन्यन गर्न अनुरोध गरेका छन् । सरकारले जाँचवुझ आयोग बनाई प्रतिवेदनका अध्यक्ष दिपक सुवेदीले सरकारलाई बुझाईसकेको हुनाले उक्त प्रतिवेदनको आधारमा छिटाछरितो ढंगवाट कार्यन्वयन गर्न माग गरेका हुन् ।

## नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ रामेछापको अध्यक्षमा राम खत्री



काठमाडौं- नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ रामेछापको संयोजकमा राम खत्री निर्वाचित भएका छन् । मिति: २०८२ चैत २६ भएको भेलाले रामेछाप जिल्ला समितिको संयोजकमा हिमगंगा यातायात प्राली का अध्यक्ष राम खत्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ रामेछापका जिल्लाको संयोजक भएा हुन् । उनको नेतृत्वमा रामेछाप जिल्ला कार्यसमिति चयन भएको छ। उनि लगायत नयाँ कार्यसमितिलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

## उपत्यका ट्राफिकसँग यातायात व्यावसायिको सहभागिता





काठमाडौं- यहि मिती २०८२ चैत्र १९ गते काठमाण्डौं उपत्यका ट्राफिक प्रहरी कार्यालयद्धारा आयोजित उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापन तथा सडक सुरक्षा सम्मन्धी यातायात व्यवसायी र मजदुरहरूसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

## तीनवटै महासंघद्वारा भाडा संयोजनको लागि पहल

काठमाडौं- नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघ नेपाल यातायात ब्यवसायी सार्वजनिक केन्द्रिय महासंघ र नेपाल ट्रक ब्यवसायी महासंघको निरन्तर पहलमा सार्वजनिक सवारीको भाडामा बृद्वि यात्रु वहाक (१६.७१माल वहाक (२१.६८ पहाडी रुट माल वहाक १५.७५ तराई रुट यो पहल कदमीका लागी तिनवटै महासंघकाले नेपाल सरकारको सम्बन्धित निकायलाई वैज्ञानिक भाडादर संयोजन गर्न जोडदार माग गरेका थिए । नेपाल सरकारले सार्वजनिक यातायात तथा ढुवानीका साधनको भाडामा वृद्धि गर्ने निर्णय गरेको छ । यातायात व्यवस्था विभागले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक सहमतिपछि नयाँ भाडादर लागू गर्ने तयारी गरिरहेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाका अनुसार सार्वजनिक यातायातको भाडा १६.७१ प्रतिशतले बढाइएको छ । यस्तै, मालवाहक सवारी साधनतर्फ पहाडी क्षेत्रमा २१.६८ प्रतिशत र तराई क्षेत्रमा १५.७५ प्रतिशतले भाडा वृद्धि गरिएको छ ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि र अन्य प्राविधिक कारण देखाउँदै व्यवसायीहरूले लामो समयदेखि भाडा समायोजनको माग गर्दै आएका थिए ।

